# जो सुकैको लागि पनि शुभ समाचार जो सधैको लागि जिउन चाहनछन्।

आदिमा एलोहीमले आकाश र पृथ्वी **सृष्टि गर्नुभयो** (उत्पति १:१) र त्यहाँ भएका सबैथोक (कलसी १:१७)। उहाँको सर्बोकृष्ट सृष्टि उहाँको स्वरुपमा बानीएको **पुरुष** र **महिला** थियो (उत्त्पति १:२६-२८)। केहि समय पछि तिनीहरुले परमेस्वरको **आज्ञा उल्लङ्घन गरे**। अनि **पाप** संसारमा प्रबेश गर्यो।पापको ज्याला **मृतु** हो (रोमी ६:२३) जुन सबै मानिसमा फैलियो किनभने सबै मनिस पहिलो मनिस आदमबाट जन्मयो जुसमा उसको पापमय स्वरुप थियो(रोमी ३:२३; ५:१२)।

तर **परमेस्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो** कि उहाँले आफ्नो पुत्र येशू ख्रिस्ट संसारको मुक्तिदाताको रुपमा पठाउनु भयो (यूहन्ना ३:१६)। कुमारीबाट येशूको जन्म भयो, एलोहीम (परमेस्वर) उहाँको पिता हुनुहुँन्थियो त्यसकारण उहाँमा पापमय चरित्र थिएन जसरी अरु सबै मनिसमा छ र त्यसकरण पापरहित जीवन जिउनु भयो। **यो सक्षम येशू एकलै** एकमात्र संसारको पापको लागि **बलिदान परमेस्वरको लागि स्वीकार्य भयो**।

१कोरन्थी १५;३-६ पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पापका निम्ति **मर्नुभयो।** उहाँ गाडिनुभयो, र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो। उहाँ केफासकहाँ, अनि बाह्रै जनाकहाँ देखा पर्नुभयो। त्यसपछि उहाँ एकै समयमा पाँच सयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, जसमध्ये धेरैजसो अहिलेसम्म छँदैछन् तर कोही-कोही सुतिसकेका छन्।

२ कोरन्थी ५:१९ र २१ अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो। तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ। किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।

रोमी ३:२२-२५ **येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ।** किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा

भएको उद्धारबाट तिनीहरू सित्तैँमा धर्मी ठहरिएका छन्। परमेश्वरले ख्रीष्टलाई **उहाँको रगतद्वारा** प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो

हिब्रु ९:२२ रगत नबगाईकन पापको क्षमा हुनै सक्दैन।

हिब्रु ९:१२-१३ बोका र बाछाहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैँको निम्ति एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो। 13 बोका र साढेहरूको रगत र कोरलीको खरानी अशुद्ध मानिसहरूमाथि छर्कदा तिनीहरूको शरीर शुद्ध हुन्छ

यूहन्ना ३:१६ "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि **उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।**

यूहन्ना १:१२ तर जतिले **उहाँलाई ग्रहण गरे** र **उहाँको नाउँमाथि विश्वास गरे,** उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो।

यदि तपाई यो सत्यलाई विश्वास गर्नुहुन्छ भने तपाईले तपाईको पापको क्षमादान पाउनसक्नुहुन्छ र सरल रुपमा येशूलाई ग्रहण गरेर अहिलेनै अनन्त जीवन पाउनुहुन्छ:

(१) उहाँसंग भुल स्वीकानुहोस् कितपाई पापी हुनुहुन्छ र
(२) त्यो तपाई विश्वास गर्नुहोस् कि उहाँ मुक्तिदाता हुनुहुन्छ र
(३) येशूलाई तपाईको जीवनमा आउन सोध्नुहोस्, तपाई परमेश्वरको हुनुहोस् र उहाँलाई चाहिएको जस्तो व्यक्तिको रुपमा भएर सहायता गर्नुहुन्छ।

यूहन्ना १४:६ येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। **मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।**

प्रेरित ४:१२ **कसैमा मुक्ति छैन,** किनकि **हामीले मुक्ति पाउनलाई** स्वर्गमुनि मानिसहरूमा **अर्को कुनै नाउँ दिइएको छैन।"**